# लोक सेवा आयोग
# केन्द्रीय कार्यालय, अनामनगर

## प्रेस विज्ञप्ति

मिति : २०७०।१०।२६

आज मिति २०७० माघ २६, आइतबारका दिन लोक सेवा आयोगका अध्यक्ष डा. कयोदेवी यमीले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२७ बमोजिम लोक सेवा आयोगको ५४औं वार्षिक प्रतिवेदन राष्ट्रपति कार्यालय शितल निवासमा एक समारोहका बीच सम्माननीय राष्ट्रपति समक्ष प्रस्तुत गर्नु भयो । उक्त प्रतिवेदनमा आयोगले आर्थिक वर्ष २०६९/७० को अवधिमा सम्पन्न गरेका कार्यहरु समावेश भएका छन् । सो अवसरमा आयोगका सदस्यद्वय श्री टिकादत्त निरौला तथा श्री राजेन्द्रप्रसाद शाह र आयोगका सचिव श्री नाथुप्रसाद चौधरी लगायत आयोगका उच्च पदस्थ अधिकारीहरुको उपस्थिति रहेको थियो ।

लोक सेवा आयोगले नेपालको अन्तरिम संविधान, २०६३ लोक सेवा आयोग ऐन, २०६६ र अन्य प्रचलित कानुनमा व्यवस्था भए बमोजिम निजामती सेवाका पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवारहरुको छनौट गर्न परीक्षा सञ्चालन गर्ने, संविधान प्रदत्त अधिकार क्षेत्र भित्रका विभिन्न विषयमा परामर्श प्रदान गर्ने तथा बढुवा उजूरी उपर टुङ्गो लगाउने कार्य सधैं झैं यस वर्ष पनि नियमित रुपमा सम्पन्न गरेको छ ।

प्रतिवेदन अवधिमा आयोगले विगतमा झैं निजामती सेवा, स्वास्थ्य सेवा र व्यवस्थापिका संसद सेवाका रिक्त पदहरुको माग सङ्कलन गरी उपयुक्त उम्मेदवारहरुको छनौट गरी नियुक्तिका लागि नेपाल सरकारका सम्बन्धित निकायहरुमा सिफारिस गरेको छ । निजामती सेवाको शर्त सम्बन्धी विषयमा नेपाल सरकारालाई परामर्श दिने, विभिन्न बढुवा समितिमा संलग्न हुने, बढुवा उपरको उजूरी सुनी निर्णय दिने, निजामती कर्मचारी उपरको विभागीय कारवाहीमा परामर्श दिने, विभिन्न सरकारी निकायहरुको निरीक्षण गर्ने, पाठ्यक्रम निमार्ण र सुधार गर्ने, शैक्षिक योग्यता निर्धारणका लागि परामर्श दिने लगायतका कार्यहरुले निरन्तरता पाएका छन् । लोक सेवा आयोगले नेपालको अन्तरिम संविधान, २०६३ लागू भए पश्चात् निजामती सेवाका अतिरिक्त सशस्त्र प्रहरी, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागको लिखित परीक्षा समेत यस आयोगले संचालन गर्दै आएको छ ।

यस प्रतिवेदन अवधिमा आयोगले निजामती सेवामा कुल रिक्त रहेका पदहरुमध्ये ५ हजार ७८ पदका लागि १ हजार ४ सय ९५ वटा विज्ञापन तथा सूचनाहरु प्रकाशन गरेको थियो । बिज्ञापन गरिएका पदहरुमध्ये लिखित परीक्षा हुने ४ हजार ६ सय १९ पदका लागि जम्मा ३ लाख ६८ हजार ८ सय ५ दरखास्त पर्न आएका थिए । कुल दरखास्तमध्ये महिला उम्मेदवारको संख्या १ लाख ७३ हजार ४ सय १८ (४७%) र पुरुषको संख्या १ लाख ९५ हजार ३ सय ८७ (५३%) रहेको थियो । आयोगले विभिन्न

श्रेणी र तहका गरी राजपत्रांकिततर्फ ६ सय ३६ र राजपत्र अनंकिततर्फ २ हजार २ सय ७ गरी जम्मा २ हजार ८ सय ४३ उम्मेदवारहरुलाई नियुक्तिका लागि सिफारिस गरेको थियो । यसमा समावेशी समूहमा सिफारिस हुनेको संख्या १ हजार १ सय ३६ रहेको थियो । समावेशी समूहहरुबाट सिफारिस भएकाहरु मध्ये महिलातर्फ ३७२, आदिवासी/जनजाती ३१८, मधेसी २५४, दलित १०६, अपाङ्ग ५१ र पिछडिएको क्षेत्र तर्फ ३५ रहेका थिए ।

प्रतिवेदन अवधिमा विभिन्न सरकारी निकायबाट विभागीय कारबाहीका लागि परामर्श माग भएकोमध्ये सामान्य सजाय अन्तर्गत १८ जनालाई नसिहत, ४४ जनालाई तलब वृद्धि रोक्का, १ जनालाई बढुवा रोक्का तथा विशेष सजाय अन्तर्गत ६० जनालाई भविष्यमा निजामती सेवाको लागि अयोग्य नठहरिने गरी र २ जना लाई भविष्यमा निजामती सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्नका लागि विभागीय सजाय गर्ने गरी परामर्श प्रदान गरिएको थियो ।

बढुवा उजुरीतर्फ बढुवा सूचना उपर परेका ३८ वटा उजूरीमा सुनवाई गरी आयोगबाट टुङ्गो लगाइएको थियो । त्यसैगरी आयोग समेतलाई विपक्षी बनाई दायर भएका ६६ वटा रिट निवेदनको लिखित जवाफ पठाउने कार्य भएको थियो ।

प्रतिवेदनमा आयोगलाई कार्यसम्पादनको सिलसिलामा परेका विभिन्न नीतिगत र भौतिक समस्या समेत उल्लेख गरिएको छ । विशेषगरी मन्त्रालय तथा कार्यालयहरुबाट समयमै माग आकृती फाराम प्राप्त नहुने, विज्ञापन गर्नुपर्ने अन्तिम समयमा मात्र पदपूर्तिका लागि माग प्राप्त हुने, निजामती सेवा ऐनका प्रावधानहरुमा आवश्यक परिमार्जन, संशोधन हुन नसकेको लगायतका विषयमा र त्यस कारणहरुबाट आयोगको कार्यसम्पादनमा कठिनाई उत्पन्न हुने गरेको विगतको स्थितिमा उल्लेखनीय सुधार हुन नसकेको कुरा पनि प्रतिवेदनमा उल्लेख भएको छ । निजामती सेवाप्रति आर्कषण बढाउन र निजामती सेवालाई अझ बढी सक्षम एवं प्रभावकारी बनाउन, निजामती सेवामा भविष्यमा गर्नुपर्ने सुधारका विषयहरुलाई समेत यस प्रतिवेदनले समेटेको छ ।

..............................

(रुद्रप्रसाद सिटौला)

प्रवक्ता तथा सहसचिव

लोक सेवा आयोग